# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७५) काठमाडौं, फागुन २८ गते, २०८२ साल (संख्या ६९

## भाग ३

### नेपाल सरकार

### उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

**संवत् २०८२ सालको आदेश (नेराप) नम्बर २**

**पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२**

स्वदेशी कच्चा पदार्थमा आधारित भई इथानोल उत्पादन गर्ने उद्योगको प्रवर्द्धन गर्दै स्वदेशमा रोजगारी सिर्जना गर्न र पेट्रोलमा इथानोल मिश्रण गरी पेट्रोलको आयातलाई न्यूनीकरण गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, मन्त्रिपरिषद्ले यो आदेश जारी गरेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "पेट्रोलमा इथानोल मिश्रण गरी प्रयोगमा ल्याउने सम्बन्धी आदेश, २०८२" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "इथानोल" भन्नाले दफा ३ बमोजिमका कच्चा पदार्थको प्रयोगबाट उत्पादन भई पेट्रोलमा मिश्रण गर्न योग्य एन्हाइड्रस इथानोल सम्झनु पर्छ।

(ख) "उद्योग" भन्नाले यस आदेश बमोजिम पेट्रोलमा मिसाउने प्रयोजनको लागि इथानोल उत्पादन गर्ने उद्योग सम्झनु पर्छ।

(ग) "निगम" भन्नाले नेपाल आयल निगम लिमिटेड सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ङ) "मिश्रणको अनुपात" भन्नाले दफा ५ बमोजिम पेट्रोलमा इथानोल मिश्रण गरिने अनुपात सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा १३ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-२

## कच्चा पदार्थ तथा उत्पादन

३. **इथानोल उत्पादनमा प्रयोग हुन सक्ने कच्चा पदार्थ** : (१) इथानोल उत्पादनमा देहाय बमोजिमका कच्चा पदार्थ प्रयोग हुन सक्नेछन् :-

(क) चिनी उद्योगबाट प्राप्त हुने खुदो (मोलासेस),

(ख) नेपियर घाँस,

(ग) खेर जाने कृषि तथा वनजन्य जैविक पदार्थ (बायोमास),

(घ) पराल, मकैको ढोड, गहुँको छवाली जस्ता कृषि अवशेष,

(ङ) खाद्यान्नका लागि प्रयोग गर्न नमिल्ने सडेगलेको अन्न,

(च) सिमल तरुल (कास्साभा), र

(छ) कुहाउन (फर्मेन्टेसन) का लागि चाहिने मर्चा (यिस्ट) र अन्य आवश्यक रसायन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खाद्यान्नको रूपमा प्रयोग हुने अन्नलाई इथानोल उत्पादनमा कच्चा पदार्थको रूपमा प्रयोग गर्न सकिने छैन।

४. **इथानोल उत्पादन** : (१) उद्योगले इथानोल उत्पादन गर्दा प्रचलित कानूनको अधीनमा रही दफा ३ बमोजिमका कच्चा पदार्थबाट उत्पादन गर्नु पर्नेछ।

(२) उद्योगले उत्पादन गरेको इथानोल निगमलाई मात्र बिक्री वितरण गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उद्योगले इथानोल उत्पादन गर्दा वातावरणमैत्री हुने गरी गर्नु पर्नेछ।

## परिच्छेद-३

## इथानोल मिश्रण तथा गुणस्तर परीक्षण

५. **इथानोल मिश्रणको अनुपात** : (१) निगमले उपलब्धताको आधारमा प्रति लिटर पेट्रोलमा बढीमा दश प्रतिशतसम्मको अनुपातमा इथानोल मिश्रण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, मन्त्रिपरिषद्ले पेट्रोलमा इथानोलको मिश्रणको अनुपात हेरफेर गरेमा निगमले सोही बमोजिम मिश्रण गर्नु पर्नेछ।

६. **इथानोलको गुणस्तर निर्धारण** : (१) उद्योग र निगमले प्रचलित कानून बमोजिम नेपाल गुणस्तर तथा नापतौल विभागबाट निर्धारण भए बमोजिम इथानोलको गुणस्तर कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नेपाल गुणस्तर तथा नापतौल विभागले निर्धारण गरेको गुणस्तर कायम रहेको इथानोल मात्र निगमले खरिद गरी मिश्रण गर्नु पर्नेछ।

७. **इथानोलको गुणस्तर परीक्षण** : (१) निगमलाई उपलब्ध गराउने इथानोलको गुणस्तर परीक्षण गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि उद्योगले गुणस्तर परीक्षण प्रयोगशालाको निर्माण गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उद्योगले इथानोल आपूर्ति गर्नु अघि त्यस्तो इथानोलको ब्याच परीक्षणको प्रतिवेदन निगमलाई उपलब्ध गराउनु पर्नेछ।

(४) निगमले प्रत्येक टैङ्कट्रकमा रहेको इथानोलको गुणस्तर परीक्षण गरेर मात्र खरिद गर्नु पर्नेछ।

## परिच्छेद-४

## खरिद मूल्य निर्धारण तथा खरिद प्रक्रिया

८. **खरिद मूल्य निर्धारण** : (१) समितिको सिफारिसको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्ले प्रत्येक आर्थिक वर्ष शुरु हुनु अगावै इथानोलको खरिद मूल्य निर्धारण गर्नेछ। यसरी खरिद मूल्य निर्धारण हुन नसकेकोमा इथानोलको साबिकको खरिद मूल्य स्वतः कायम हुनेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण वा कायम भएको मूल्य प्रत्येक वर्षको साउन एक गतेदेखि लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम निर्धारण वा कायम भएको मूल्यमा उद्योगले निगमलाई इथानोल उपलब्ध गराउनु पर्नेछ।

९. **खरिद प्रक्रिया** : (१) दफा ८ बमोजिम खरिद मूल्य निर्धारण भएपछि निगमले इथानोल खरिदको लागि निगमको सञ्चालक समितिको स्वीकृति लिई उद्योगसँग इथानोल खरिद सम्झौता (पर्चेज एग्रिमेन्ट) गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इथानोल खरिद गर्ने प्रकृया सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही निगमको सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उद्योगले निगमलाई दैनिक उपलब्ध गराउनु पर्ने इथानोलको परिमाण उपदफा (१) बमोजिमको खरिद सम्झौतामा निर्धारण भए बमोजिम हुनेछ।

(४) उद्योगले निगमलाई आवश्यक पर्ने इथानोल उपदफा (१) बमोजिमको खरिद सम्झौता बमोजिमको स्थान, परिमाण र समयमा उपलब्ध गराउनु पर्नेछ।

१०. **सम्झौता उल्लङ्घन भएको मानिने** : (१) दफा ९ को उपदफा (१) बमोजिमको खरिद सम्झौता बमोजिम उद्योगले निगमलाई इथानोल उपलब्ध गराउन नसकेमा वा निगमले बिना आधार र कारण उद्योगबाट इथानोल खरिद नगरेमा त्यस्तो सम्झौताको उल्लङ्घन भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता उल्लङ्घन भएमा मर्कापर्ने पक्षले क्षतिपूर्तिको लागि प्रचलित कानून बमोजिम दाबी गर्न सक्नेछ ।

## परिच्छेद-५

## ढुवानी, भण्डारण तथा मिश्रण

११. **ढुवानी गर्नु पर्ने** : (१) दफा ८ को उपदफा (१) बमोजिम निर्धारण वा कायम भएको मूल्यमा ढुवानी भाडा थप गरी निगमको डिपोसम्म इथानोल ढुवानी गर्ने व्यवस्था सम्बन्धित उद्योगले मिलाउनु पर्नेछ।

तर निगमले आफ्नो ढुवानीकर्ता नियुक्त गरी उत्पादन स्थलबाट ढुवानी गर्न चाहेमा ढुवानी बापतको भाडा निगम स्वयंले व्यहोर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम ढुवानी गर्दा इथानोलको उच्च प्रज्वलनशीलता र पानीको अवशोषण (हाइग्रोस्कोपिक) प्रकृतिलाई मध्यनजर गरी सुरक्षा मापदण्ड तथा उच्च सतर्कता अपनाई ढुवानी गर्नु पर्नेछ।

१२. **भण्डारण, मिश्रण र ढुवानीको मापदण्ड बनाउने :** मन्त्रालयले इथानोलको सुरक्षित भण्डारण, मिश्रण र ढुवानीको लागि मापदण्ड बनाई लागु गर्नु पर्नेछ।

## परिच्छेद-६
## सिफारिस समिति तथा मूल्य निर्धारण

१३. **सिफारिस समिति :** (१) निगमले खरिद गर्ने इथानोलको मूल्य निर्धारण तथा उद्योगलाई प्रदान गरिने सुविधाका सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) सचिव, मन्त्रालय (आपूर्ति क्षेत्र हेर्ने) - संयोजक

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(घ) सहसचिव, मन्त्रालय - सदस्य

(ङ) महानिर्देशक, गुणस्तर तथा नापतौल विभाग - सदस्य

(च) विज्ञ प्रतिनिधि, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (सम्बन्धित क्षेत्र हेर्ने) - सदस्य

(छ) कार्यकारी निर्देशक, निगम - सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निगमले समितिको सचिवालयको काम गर्नेछ।

१४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) इथानोल उत्पादनमा प्रयोग हुने विभिन्न कच्चा पदार्थको लागतको आधारमा प्रत्येक आर्थिक वर्षको लागि इथानोलको खरिद मूल्य निर्धारण गर्न मन्त्रालय मार्फत नेपाल सरकार, मन्त्रिपरिषद्लाई सिफारिस गर्ने,

(ख) नेपाल सरकारको जैविक ऊर्जा रणनीति, २०७३ तथा अन्य नीतिले निर्देशित गरे अनुरुप उद्योगलाई प्रचलित कानून बमोजिम दिन सकिने कर छुट तथा अन्य सुविधाका विषयमा मन्त्रालय मार्फत सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(ग) उद्योगलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगको रूपमा मान्यता दिनुपर्ने भएमा सोको सिफारिस गर्ने,

(घ) उद्योगलाई इथानोल उत्पादनसँग सम्बन्धित मेसिन तथा उपकरण खरिद तथा आयातमा प्रचलित कानून बमोजिम कर वा महसुल छुटको लागि सिफारिस गर्ने,

(ङ) इथानोल उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्ने कृषक, कृषि फर्म, कृषि सहकारीलाई आवश्यक पर्ने मल, बिउ बिजन र विद्युत महसुलमा प्रचलित कानून बमोजिम प्रदान गरिने छुट सुविधा तथा सहुलियतका लागि सिफारिस गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**१५. मूल्य निर्धारणका आधारहरू** : समितिले इथानोल उत्पादन, बिक्री वितरण तथा नियमनसँग सम्बन्धित प्रचलित कानूनको अधीनमा रही देहायका आधारमा इथानोलको खरिद मूल्य निर्धारणका लागि सिफारिस गर्नु पर्नेछ :-

(क) प्राथमिक लागत (प्राइम कस्ट),

(ख) कारखाना शिरोभार लागत (फ्याक्ट्री ओभरहेड),

(ग) प्रशासनिक तथा सञ्चालन खर्च (एडमिनिस्ट्रेटिभ एण्ड अपरेसनल ओभरहेड),

(घ) समितिले आवश्यक ठानेका अन्य लागत।

## परिच्छेद-७
## विविध

**१६. सर्त पालना गर्नु पर्ने** : (१) उद्योगले उत्पादन गरेको इथानोल निगम बाहेक अन्य निकाय वा व्यक्तिलाई बिक्री वितरण गर्न पाउने छैन।

(२) इथानोललाई पेट्रोलमा मिश्रण गर्ने बाहेक अन्य कार्यमा प्रयोग गर्न वा गराउन पाइने छैन।

(३) निगमले इथानोलको उत्पादन, भण्डारण र ढुवानीका बखत हुन सक्ने अपचलन तथा दुरुपयोगलाई नियन्त्रण गर्न आवश्यक प्रबन्ध गर्नु पर्नेछ।

(४) उद्योगले इथानोल उत्पादन, भण्डारण, बिक्री वितरण र ढुवानी गर्दा पालना गर्नु पर्ने सर्त तथा मापदण्ड पालना नगरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. **<u>जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने</u>** : निगमले इथानोलको प्रयोगमा अपनाउनु पर्ने सावधानी, हुन सक्ने जोखिम, इथानोलको उपयोगिता तथा इथानोल मिश्रित पेट्रोलको प्रयोग सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

१८. **<u>व्याख्या गर्ने अधिकार</u>** : यस आदेशको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार मन्त्रालयलाई हुनेछ।

**आज्ञाले,**
**मधु सुदन बुर्लाकोटी**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार,



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु.१५।-
गो.द्.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।